# सम विकास केन्द्र EDC नेपाल डोटीको विधान २०५३ (संशोधन सहित २०७७)

**प्रस्तावना :**

सम विकास केन्द्र EDC नेपाल डोटी एउटा सामाजिक असमानता, लैंगिक विभेद, छुवाछुत र गरिबी विरुद्ध दलित, सिमान्तकृत समुदाय प्रति समर्पित भई स्थापना भएको एउटा गैर-सरकारी सामाजिक विकास संस्था हो । नेपाली संरचना भित्र रहेको जातीय छुवाछुत, सामाजिक विभेद, सामाजिक अन्यायका विरुद्ध सामाजिक न्याय र मानव अधिकारको पक्षमा कृयाशिल रहदै आएको छ । मुलूकमा दोस्रो संविधान सभाबाट बनेको नेपालको संविधानले नेपाल संघिय लोकतान्त्रिक गणतन्त्रमय भैसकेको अवस्था र नेपालको संविधान २०७२ ले समाजमा ब्याप्त अन्धविश्वास, कुरीती, सामाजिक तथा लैंगिक विभेद विरुद्ध कानुनी दण्डसजाय समेत तोसिकेको अवस्थामा अझैंपनि हाम्रो नेपाली समाजमा ब्यबहारिक रुपमा निरुपण हुन सकिरहेको छैन ।

२१ औं शताब्दि सम्म आईपुग्दा नेपाली समाजको संरचना भित्र सामाजिक विभेद, जातीय छुवाछुत, गरिबी र लैगिंक असमानता प्रमुख सवालको रुपमा अझै विद्यमान छन यी सवाल मानवीय अवस्था, सामाजिक हैसियत बीचको सम्बन्धमा आधारित रहेको छ । फलस्वरुपः राज्यको श्रोत साधन र विकासमा दलित, महिला, सिमान्तकृत, हलिया, भूमिहिन, एवं अपाङ्गता समुदायको समान पहुँच पुग्न सकि रहेको छैन । सामाजिक विकास, समुदाय स-शक्तिकरण र अधिकार सम्बन्धि सरकारी तथा गैरसरकारी क्षेत्रबाट विभिन्न कार्यक्रम संचालन गरिएता पनि स्रोतको पारदर्शिता, न्योचित वितरण, दलित, विपन्न र समाजवाट पाखा पारिएका समुदायको समानुपातिक समावेशीता प्रति ऐक्यिवद्धता सहीत मुलप्रवाहिकरणको सिद्धान्तलाई पुर्ण रुपमा कार्यान्वयन गरि लक्षित समुदायको जीवन स्तरमा परिवर्तन ल्याउनु अति आवश्यक रहेको छ ।

तषर्थः समतामुलक समाजको निर्माणका लागि गतिशील आर्थिक-सामाजिक सशक्तिकरणको माध्यमबाट समाजको समग्र विकासका लागि मानवअधिकार, सामाजिक न्याय, समानतामा आधारित, समावेशि, लोकतान्त्रिक समाजको स्थापना गर्ने लक्ष्य राख्दै, अधिकारवाला जनतालाई विकासको मूलप्रवाहमा समाहित गरि समतामूलक समाजको निर्माणका लागि क्रियाशिल हुदैं राष्ट्रको बिकासमा योगदान पुऱ्याउने लक्ष्यले विशुद्ध सामाजिक विकास र अभियानको भाबना बाट उत्प्रेरित भई २०५३ साल फाल्गुण २६ गते दलित युवाहरुको सामुहिक प्रयासमा सम विकास केन्द्र EDC नेपाल डोटी नामक सामाजिक विकास संस्था स्थापना गरिएको हो । **अतः** वर्तमान राज्यको पुर्नसंरचना भएसंगै यस विधानले आत्मसात गरेका सिद्धान्त, नीति, कार्यक्रम तथा उद्देश्यहरु बमोजिम संस्थालाई अगाढी बढाउनु पर्ने आवश्यकता देखिएकाले संस्थाको २३औं साधारण सभा तथा अधिवेशन बाट यो विधान संशोधन पारित गरि सम विकास केन्द्र (EDC) नेपाल डोटीको बिधान २०५३ (संसोधन सहित २०७७) जारी गरीएको छ ।

## परिच्छेद-१

**१. नाम र प्रारम्भ :**

क) यस विधानको नाम सम विकास केन्द्र (ईडीसी) नेपाल डोटीको विधान २०५३ (संशोधन सहित २०७७) हुनेछ ।

ख) सम विकास केन्द्र नेपाललाई अंग्रेजीमा Equality Development Center- Nepal, Doti छोटकरीमा (EDC -Nepal ) भन्निने छ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

ग) संस्थाको केन्द्रीय कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय डोटी जिल्लाको दिपायल सिलगढी नगरपालिका सिलगढी डोटीमा रहनेछ ।

घ) संस्थाको कार्यक्षेत्र :- डोटी जिल्ला तथा आवश्यकता अनुसार सुदुरपश्चिमका अन्य जिल्लाहरुमा जिल्ला शाखा स्थापना गरि कार्यक्षेत्र बिस्तार गरिनेछ ।

ङ) यो विधान संस्थाको अहाधिवेशनले पारित गरे पछि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा :

क) "केन्द्र" भन्नाले सम विकास केन्द्र EDC नेपाल डोटीलाई बुझाउने छ ।

ख) "विधान"भन्नाले सम विकास केन्द्र EDC नेपाल डोटीको विधान २०५३ (संशोधन सहित २०७७) लाई सम्झनु पर्ने छ ।

ग) "सम विकास" भन्नाले "लिंग, जातजाती, धनी-गरिव, वर्ग समुदाय र धर्म बिचको सम्बन्धमा न्यायपुर्ण अवस्था, मानिसहरुको समान हैसियतपूर्ण अवसर तथा अधिकारको उपभोग, छुवाछुत तथा भेदभाव रहित समाज र सबै वर्ग समुदायलाई विकासमा समान अवसर, पहुँच, नियन्त्रण तथा न्यायोचित र अर्थपूर्ण सहभागिता सहितको समतामुलक समाजलाई सम्झनु पर्छ ।

घ) "केन्द्रीय कार्यसमिति" भन्नाले विधान अनुसार गठन भएको केन्द्रीय कार्यसमितिलाई सम्झनु पर्छ । "समिति" भन्नाले वा अन्य समितिलाई बुझाउने छ ।

ङ) "अधिवेशन "भन्नाले तिन वर्षको अवधिमा हुने केन्द्रीय साधारण सभाको अधिवेशनलाई सम्झनु पर्नेछ ।

च) "साधारण सभा" भन्नाले संस्थाको वार्षिक साधारण सभालाई सम्झनु पर्छ ।

छ) "सदस्य"भन्नाले संस्थाको विधान अनुसार साधारण सदस्यता प्राप्त गरेका सदस्यहरुलाई बुझाउनेछ ।

ज) "पदाधिकारी" भन्नाले अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, लाई बुझाउने छ ।

३. **स्वशासित संस्था, संस्थाको छाप र चिन्ह :**

क) यो संस्था अविछिन्न, उत्तराधिकारी, स्वशासित संगठित सामाजिक विकास संस्था हुनेछ । यसले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, भोग गर्न र हस्तान्तरण गर्न लिन सक्नेछ । यस संस्थाले व्यक्ति सरह नालिस उजुर गर्न र यस उपर नालिस वा उजुर लाग्न सक्नेछ ।

ख) पृष्ठभूमिमा सुनौलो रंग भएको गोलाकार चिन्हमा महिला पुरुष झल्कने र सेतो रंगको अंग्रेजीमा EDC Nepal Doti र गोलाकार वृतमा नेपालीमा सम विकास केन्द्र EDC नेपाल डोटीको चिन्ह रहने छ । यसलाई संस्थाको झण्डाको रुपमा प्रयोग गरिने छ ।

ग) यस केन्द्रको छुट्टै छाप गोलाकारमा सम विकास केन्द्र नेपाल (EDC-Nepal) डोटी भएको हुनेछ

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

## परिच्छेद -२
## संस्थाको उदेश्यहरु :-

**४. उद्देश्य :**

१) यो संस्था मुनाफारहित जनहितकारी हुनेछ ।

२) मानव अधिकार र सामाजिक न्याय सुनिश्चिचताको लागि महिला, दलित र युवा समुदायलाई संगठित र सशक्त गरि एकिकृत अभियानहरु संचालन गर्ने ।

३) दलित, विपन्न वर्ग समुदायका महिलाहरुलाई विकासको मुलप्रवाहमा पहुँच बढाउन महिला शक्तिकरण एवं लैगिंक सचेतना अभिवृद्धि गर्ने ।

४.एकिकृत सामाजिक विकासका कार्यक्रम र गतिविधिका माध्ययाम बाट दलित, महिला, युवा, बालबालिका विपन्न र सिमान्तकृत, भूमिहिन, मुक्तहलिया, समुदायको आर्थिक, सामाजिक, राजनैतिक, शिक्षा, स्वास्थ्य अबस्थामा सुधार गर्ने ।

५) जिविकोपार्जनका लागी खाद्य सुरक्षा, खाद्यअधिकार लगायत पोषणलाई अधिकारको रुपमा विस्तार गरि कार्यक्रम संचालन गर्ने ।

६.समावेशीकरण,लोकतन्त्र, सुशासन, दिगो विकास, शान्ति र विपद जोखिम न्यूनिकरणका लागी अधिकार र आवश्यकतामा आधारित अधिकारमुखी कार्य संचालन गर्ने ।

७.जलवायु परिवर्तन, विपद जोखिम र उत्थानशिलताका लागी समुदाय सवलिकरणमा सहयोग गर्ने ।

८) विभिन्न सरकारी, गैरसरकारी एवं दातृ संस्थाहरु संग समन्वय र साझेदारीमा स्थानिय स्रोत साधनको परिचालन द्वारा सामाजिक विकासका कार्यहरुमा कृयाशिल रहने ।

**५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरु :**

यस संस्थाको उपरोक्त उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछ :-

**क**) संस्थाले नेपालको प्रचलित कानून (संघ, प्रदेश र स्थानिय तह) वमोजिम सम्बन्धित निकायमा आब्द्धता र अनुमिति वा इजाजत प्राप्त गरि उपरोक्त उद्देश्य कार्यान्वयन गर्नेछ । र संस्थाऐनमा आधारित भई सरोकारवाला निकायको समन्वय र सहकार्यमा आफना कार्यहरु संचालन गर्ने ।

ख) संस्थालाई आवश्यक पर्ने कार्यालय भवन निर्माण गर्ने वा भाडामा लिनेछ । आवश्यक फर्निचर, कम्प्यूटर, टेलिफोन लगायतका उपकरण, सवारी साधन, कार्यालय सामग्रीको खरिद, संस्थालाई आवश्यक जमिन खरिद गर्ने वा भाडामा लिई प्रयोग गरिनेछ ।

ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तीनको सेवाका शर्तहरु निधारण गर्नेछ ।

घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता संचालन गर्नेछ ।

ङ) संघ, प्रदेश र स्थानिय सरकार तथा विभिन्न राष्ट्रिय, अर्न्तराष्ट्रिय संघसंस्था, सरकारी विषयगत कार्यालय, निजीक्षेत्र, कम्पनी, हरुको सहयोगमा संस्थाको उद्देश्यमा आधारित कार्यक्रम संचालनका लागी सहकार्य र साझेदारी गर्नेछ ।

च) संस्थाको दिगो विकास तथा संस्थागत प्रवर्द्धनका लागी सदस्यहरुको क्षमता अभिवृद्धि तथा सशक्तिकरण गरि ज्ञान, सिप र क्षमताका आधारमा आवश्यकता वमोजिम विभिन्न जिम्मेवारी दिई परिचालन गर्न गराउने ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

## परिच्छेद ३
## सदस्यता

### ६. सदस्यताको प्रावधान र प्रकार :-

क) संस्थाको साधारण सदस्य हुन चाहने व्यक्तिले रितपुर्वक आवेदन दिनुपर्नेछ । योग्यता पुगेका व्यक्तिलाई सदस्यता प्रदान गर्नका लागि सचिवको सिफारिसमा केन्द्रीय समितिको बैठकमा पेश गर्नु पर्नेछ । केन्द्रीय समितिको बैठकले स्वीकृति गरेपछि मात्र संस्थाको सदस्यता प्रदान गरिने छ । संस्थाको सदस्यता निम्न प्रकारको हुनेछ ।

१. संस्थापक सदस्य
२. साधारण सदस्य
३. आजीवन सदस्य
४. मानार्थ सदस्य

१. **संस्थापक सदस्य :-** यस संस्थाको स्थापनाको लागि पहल गर्ने व्यक्ति संस्थापक सदस्य मानिने छ । र तिनको आजीवन सदस्य सरह अभिलेख राखिनेछ । संस्थापक सदस्यहरुले सदस्यता शुल्क तिर्नुपर्ने छैन् ।

२. **साधारण सदस्य :-** साधारण सदस्य हुने व्यक्तिले अनुसुचि १ बमोजिमको ढाँचामा सदस्यता आवेदन भरेर सम्पर्ककर्ता मार्फत बुझाउनु पर्नेछ । प्राप्त आवेदनहरुलाई सचिवले सिफारिस सहीत बैठकमा पेश गर्नुपर्नेछ । योग्यता पुगेकालाई प्रकृयागत रुपमा कार्य समितिको बैठकले छनौट गरि सदस्यता प्राप्त गरेका व्यक्तिहरु संस्थाको साधारण सदस्य हुनेछन् । साधारण सदस्यले निरन्तर रुपमा नविकरण गरेमा सकृय सदस्यका रुपमा कायम रहनेछन । साधारण सदस्यले तोकिए वमोजिम शुलक तिर्नु पर्नेछ ।

३. **आजीवन सदस्य :-** यस संस्थामा आस्था राख्ने योग्यता पुगेका, विषयगत अनुभव प्राप्त व्यक्तिले संस्थाले आजिवन सदस्यताका लागी आव्हान गरे पश्चात संस्थाले तयार गरेको फाराम भरि रु. १०००। शुल्क सहीत आवेदन फाराम पेश गर्ने व्यक्तिलाई केन्द्रीय कार्य समितिले आजीवन सदस्यता प्रदान गर्न सकिने छ । र आजिव सदस्यलाई चुन्ने र चुन्निने अधिकार रहने छ ।

४.**मानार्थ सदस्य :-** यस संस्थाका शुभचिन्तक तथा सामाजिक परिवर्तन, मानवअधिकार, सामाजिक न्याय र सामाजिक रुपान्तरणको अभियानमा प्रतिबद्ध, समाज र समुदायका अगुवा, विषयगत दक्षता, अनुभवी र यस संस्थालाई बिश्वास गर्ने व्यक्तिहरुलाई अभिभावकत्व तथा सम्मान स्वरुप संस्थाले तयार गरेको फाराम तथा आवेदन भरी संस्थाको कार्य समितिको निर्णय अनुसार मानार्थ सदस्य उपलब्ध गराउनेछ । तर यस्ता सदस्यलाई संस्थाको पदाधिकारी र कार्यसमितिमा चुन्ने र चुनिने अधिकार हुने छैन ।

### ७. सदस्यता शुल्क :

संस्थाको सदस्यताको लागि सदस्यता शुल्क तथा प्रवेश शुल्क देहाय बमोजिम बुझाउनु पर्नेछ ।

| | | |
|---|---|---|
| १. | नयाँ साधारण सदस्यहरुको लागि प्रवेश शुल्क | रु १००।- |
| २. | वार्षिक सदस्यता (नविकरण) शुल्क : | रु १२०।- |
| ३. | बिलम्व शुल्क : | रु १०।- |
| ४. | आजीवन सदस्यता शुल्क : | रु १०००।- |

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**८.सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता :-**

निम्न योग्यता भएका व्यक्तिहरु यस संस्थाको सदस्य हुन सक्नेछन् ।

क) संस्थाको कार्यक्रम र विधानलाई पालना गर्ने ।

ख) नेपाली नागरिक हुनु पर्ने ।

ग) साधारण सदस्यको लागि १८ वर्ष र आजीवन सदस्यको लागि ३०वर्ष उमेर पुगेको महिला पुरुष ।

घ) मानसिक सन्तुलन ठिक भएको ।

ङ) फौजदारी अभियोग नलागेको ।

**९. संस्थाको सदस्य नियुक्त हुन वा वहाल रहन नसक्ने अवस्था :**

देहायका कुनै पनि व्यक्ति संस्थाको सदस्य पदमा नियुक्त हुन सक्ने छैन् ।

क) गैर नेपाली नागरिक र तोकिएको उमेर पुरा नगरेको भएमा ।

ख) मगज बिग्रेको वा बौलाएको भएमा ।

ग) दामासाहीमा वा फौजदारी मुद्दामा दोषी प्रमाणित भएको ।

घ) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफनो जिम्माको धनमाल अनाधिकृत तवरले मासेको वा दुरुपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसुरदार ठहरी सजाय पाई, सजाई पाएको एकवर्ष भित्र ।

ङ) सम्बन्धित संस्थाको व्यावसायमा निजी स्वार्थ भएको ।

च) संस्थाको कारवाहीमा परी निलम्बन वा निश्कासन भएको व्यक्ति ।

**१०. सदस्यता समाप्ती :**

देहायको अवस्थामा कुनै व्यक्ति संस्थाको सदस्यता कायम वा बहाल रहने छैन :-

क) दफा ८ वमोजिम सदस्य पदमा नियूक्ति हुन नसक्ने भएमा ।

ख) साधारण सभावाट ७५ प्रतिशतको बहुमतले संस्थाको सदस्य पदवाट हटाउने प्रस्ताव पासगरेमा ।

ग) सदस्यले आफनो पदवाट दिएको राजिनामा स्वीकृत भएमा ।

घ) सदस्यता नविकरण नगराएमा ।

ङ) सदस्यको मृत्यु भएमा ।

च) संस्थाको काम कारवाहीमा बेईमानि वा बदनियत गरेको कुरा प्रमाणित भई निलम्बन वा निश्कासन भएमा ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**११. सदस्यता नविकरण :**

क) संस्थाका सदस्यले हरेक वर्षको आषाड मशान्त भित्र वा संस्थाले तोकिएको समयमा बार्षिक सदस्यता शुल्क वुझाई सदस्यता नवविकरण कायम गर्नु पर्नेछ ।

ख) एक आर्थिक वर्ष वा सो भन्दा बढी अवधि सम्म नविकरण नगरिएको अवस्थामा पुनः नविकरण गर्दा उक्त अवधि भरको सदस्यता शुल्क सहित नविकरण गर्नुपर्नेछ । तर लगातार ३ आ.व. सम्म सदस्यता नविकरण नगर्ने सदस्यको सदस्यता स्वतः खारेजी भएको मानिनेछ ।

ग) तोकिएको अवधिमा सदस्यता नविकरण गर्न छुटेका सदस्यका लागि कार्यसमितिले निर्णय गरि एक पटकका लागी बढीमा १० दिन सम्मको म्याद दिई विलम्ब शुल्क सहित पुनः नविकरणको लागि सुचना गर्न सक्नेछ ।

घ)कार्यसमिति सदस्यले बार्षिक रुपमा सदस्यता शुल्क वुझाउनु पर्ने छ ।

## परिच्छेद -४

## साधारण सभा, अधिवेशन तथा बैठक सम्बन्धि व्यबस्था

**१२. संस्थाको सभा बोलाउने तरिका र सभाका लागी दिनुपर्ने सुचना सम्बन्धि कुराहरु :**

१. साधारण सभा :

क) साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

ख) संस्थाको हरेक वर्ष वार्षिक साधारण सभा अनिवार्य रुपमा गर्नुपर्ने छ ।

ग) संस्थाको वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र गर्नुपर्नेछ ।

घ) संस्थाको वार्षिक साधारण सभा गर्नका लागी कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागी कम्तीमा ७ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यलाई सूचना दिईनेछ ।

ङ) साधारण सभाको गणपूरक संख्या ६० प्रतिशत हुनेछ । यदि गणपूरक संख्या नपुगि सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुन :साधारण सभा बोलाईनेछ र पुनः वोलाईएको साधारण सभामा ५१ प्रतिशत प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

च) **संशोधन**: कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई सभाको गणपुरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक ५१ प्रतिसत सदस्यको उपस्थिति नभई साधारण सभा सम्पन्न हुन नसके पुन ७ दिनको सूचना जारी गरि साधारण सभा बोलाईनेछ । दोस्रो पटकको साधारण सभा को गणपूरक संख्या ३३ प्रतिसत र तेस्रो पटकको साधारण सभाको गणपूरक संख्या उपस्थित सदस्यहरुलाई मानिनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

२) **अधिवेशन :**

क) संस्थाको हरेक ३ वर्षमा अधिवेशन सम्पन्न गर्नु पर्नेछ ।

ख) संस्थाको अधिवेशन आर्थिक वर्ष समाप्त भएको मितिले ४ महिना भित्र गर्नुपर्नेछ ।

ग) संस्थाको अधिवेशन गर्नका लागी कम्तीमा १५ दिन अगावै सभा हुने ठाँउ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्य लाई सूचना दिनुपर्नेछ ।

घ) अधिवेशन गणपूरक संख्या ६० प्रतिशत हुनेछ । यदि गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तीमा ७ दिनको म्याद दिई पुनः अधिवेशन बोलाईनेछ र पुनः वोलाईएको अधिवेशन ५१ प्रतिशत प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न वाधा पर्ने छैन ।

ङ) **संशोधन :** कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई अधिवेशनको गणपुरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक ५१ प्रतिसत सदस्यको उपस्थिति नभई अधिवेशन सम्पन्न हुन नसके पुन ७ दिनको सूचना जारी गरि अधिवेशन बोलाईनेछ । दोस्रो पटकको अधिवेशनको गणपूरक संख्या ३३ प्रतिसत र तेस्रो पटकको अधिवेशनको गणपूरक सख्या उपस्थित सदस्यहरुलाई मानिनेछ ।

३) **विशेष साधारण सभा तथा अधिवेशन :**

क) विषेश परिस्थितिको कारण देखाई केन्द्रीय सदस्यहरु मध्ये ५१ प्रतिशत सदस्यहरुले लिखित रुपमा विशेष साधारण सभा तथा अधिवेशन बोलाउन माग गरेमा १ महिना भित्र जुनसुकै अवस्थामा पनि हुनसक्ने छ । तर विशेष अधिवेशनको लागि निर्वाचित भएको मितिले ३ महिना पछि मात्र यो नियम लागु हुनेछ ।

ख) विशेष अधिवेशन तथा साधारण सभा गर्नका लागी कम्तीमा १० दिन अगावै सभा हुने ठाउ, मिति र छलफल गर्ने विषय खोली सबै साधारण सदस्य लाई सूचना दिईने छ ।

**१३. केन्द्रीय साधारण सभाको काम, कर्तव्य र अधिकार :-**

क) संस्थाको आगामी कार्य दिशा, नीती निर्धारण र पुर्वाधार कार्यक्रम तर्जुमा गर्ने ।

ख) बार्षिक कार्यक्रमको मुल्यांकन, लेखाजोखा गर्ने ।

ग) संस्थाको वार्षिक आर्थिक तथा प्रगति प्रतिवेदन, लेखा परिक्षण प्रतिवेदन स्वीकृत गर्ने ।

घ) वार्षिक बजेट स्वीकृत गर्ने ।

ङ) केन्द्रीय कार्यसमितिबाट संस्थाको हितको लागि गरिएको निर्णयलाई अनुमोदन गर्ने ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**१४. केन्द्रीय अधिवेशनको काम, कर्तव्य र अधिकार :-**

क) संस्थाको आगामि कार्य दिशा तय गर्ने ।

ख) संस्थाको सम्पन्न कार्यक्रमको मुल्यांकन, लेखाजोखा तथा प्रगति प्रतिवेदन स्वीकृत गर्ने ।

ग) वार्षिक बजेट अनुमोदन तथा पारित गर्ने

घ) केन्द्रीय कार्य समितिबाट संस्थाको हितको लागी गरिएको निर्णयलाई अनुमोदन गर्ने

ङ) नयाँ केन्द्रीय कार्य समितिको निर्वाचन गर्ने ।

च) आवश्यकता अनुसार संस्थाको विधान परिमार्जन र संशोधन गर्ने ।

**१५. केन्द्रीय कार्यसमितिको गठन** :

क) केन्द्रीय कार्यसमितिको गठन अधिवेशन वाट हुनेछ ।
ख) कार्यसमिति सदस्यहरुका लागी ६ जनाको समावेशी कोटा सुनिश्चित गरिनेछ ।जसमा २ दलित हुनेछन ।
ग) ९ जनाको कार्य समितिमा ४ जना महिला  हुनेछन ।

घ) पदाधिकारी तहमा महिला अनिबार्य हुनु पर्नेछ ।
ङ) कार्यसमितिमा युवाको सहभागीता वृद्धि गर्न युवालाई विशेष प्राथमिक्ता दिईने छ ।

च) कार्य समितिको कुनै पनि पदमा बैधानिक प्रकृया बमोजिम लगातार ३ अवधि सम्म मात्र चुनिने वा वहाल रहन  सक्नेछन तर १ कार्यकाल छोडेमा यो नियम लागुहुने छैन ।

छ) अधिवेशन बाट निर्वाचित देहाय बमोजिम ९जनाको कार्यसमिति हुनेछ ।

| | | |
|---|---|---|
| अध्यक्ष | : | १ जना |
| उपाध्यक्ष | : | १ जना |
| सचिव | : | १ जना |
| कोषाध्यक्ष | : | १ जना |
| सदस्य | : | ५ जना |

झ) निर्वाचित सदस्य तथा पदाधिकारीहरुले अनुसुचि ३ अनुसार सपथ ग्रहण गरी पदस्थापना गर्नुपर्ने छ ।

**१६. केन्द्रीय कार्यसमिति सदस्य एंब पदाधिकारी पदको लागी योग्यता** :-

क) नियमित रुपमा सदस्यता नविकरण गरि सदस्यता कायम रहेका व्यक्तिहरु ।
ख) साधारण सदस्य भई २ वर्ष काम गरेको सदस्य कार्यसमितिमा सदस्यका हुन पाउनेछ ।
ग) पदाधिकारीका लागी कम्तीमा २५ वर्ष देखी माथि उमेर भएको हुनुपर्ने ।
घ) संस्थाको सदस्य कारवाहीमा परी निलम्बन भएको म्यादले कम्तिमा १ वर्ष पुरा भएको हुनु पर्ने ।
ङ) पदाधिकारी पदको लागि एक कार्यकाल कार्यसमिति सदस्य भई कार्य गरेको हुनु पर्ने ।
च) कार्यसमितिका कुनै पनि सदस्य तथा पदाधिकारीहरु वैतनिक रुपमा कर्मचारी भई कार्यगर्न पाईने छैन ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**१७. कार्य समितिको बैठक :**

क) कार्य समितिको पुर्ण बैठक वर्षमा ६ पटक बस्नेछ । आवश्यता अनुसार सचिवले अध्यक्ष संगको सल्लाह अनुसार कार्यसमितिको बैठक बोलाउन सकिनेछ ।

ख) तत्कालिन कायम रहेका सदस्यहरुको जम्मा संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभई कार्य समितिको बैठक हुनेछैन ।

ग) कार्यसमिति मध्येबाट जम्मा सदस्य संख्याको कम्तीमा ५१ प्रतिशत सदस्यले विषय खुलाई बैठक बोलाउन माग गरेमा अध्यक्ष संगको सल्लाह बमोजिम सचिवले कार्यसमितिको बैठक १० दिन भित्र बोलाउनु पर्नेछ ।

घ) कार्यसमितिको बैठकमा सदस्य स्वयं उपस्थित हुनु पर्नेछ ।

ङ) कार्यसमितिको बैठकको अध्यक्षता संस्थाका अध्यक्षले गर्नेछन अध्यक्षको अनुपस्थितीमा संस्थाका उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछन ।

च) कार्यसमितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

छ) कार्यसमितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्युट) छुटै किताबमा लेखि राख्नु पर्नेछ । र सो निर्णय विबरणमा बैठकमा उपस्थित सम्पुर्ण सदस्यहरुको कम्तीमा ५१ प्रतिशत सही गर्नु पर्नेछ । र बैठक निर्णयको अन्तमा कम्तीमा पनि पदाधिकारीको हस्ताक्षर हुनु पर्नेछ ।

ज) माथिका उपनियमहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यसमितिले गर्न पाउने कुनै कामको सम्बन्धमा कार्यसमितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरि त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । उपरोक्त बमोजिमको सहमतिलाई कार्यसमितिको बैठकको निर्णय सरह मानिनेछ ।

**१८. केन्द्रिय कार्यसमितिको काम, कर्तव्य र अधिकार :-**

क) केन्द्रिय कार्यसमिति साधारण सभाको मातहतमा रहनेछ । केन्द्रिय बार्षिक साधारण सभाको निर्देशनमा रही सभाद्वारा पारित प्रस्ताव एंब निर्देशनको कार्यान्वयन गराउने ।

ख) कार्यालय संचालनको लागी व्यबस्था मिलाउने ।

ग) बार्षिक प्रगति प्रतिवेदन, बजेट तयार पारि साधारण सभामा पेश गरि अनुमोदन गराउने ।

घ) संस्थाको आर्थिक कारोवारहरुको लेखा परीक्षण गराई साधारण सभाबाट अनुमोदन गर्ने ।

ङ) अधिवेशन हुनुभन्दा अगावै कुनै कार्यसमितिमा रहेको सदस्यको पदरिक्त हुन आएमा बांकी अवधिका लागी कार्यसमितिका सदस्यको नियुक्ति कार्यसमिति द्वारा गर्न सकिनेछ । कुनै सदस्यको पद बिचमा रिक्त भएमा सो पदमा नियुक्त भएको सदस्यको कार्यकाल वाकी कार्यकाल सम्मका लागी मात्रलागु हुनेछ । यसरी नियुक्त गरिने निर्णयलाई अधिवेशनमा अनुमोदन गर्नुपर्नेछ ।

च) संस्थाले गर्ने भनिएको सम्पूर्ण कार्य कार्यसमितिको निर्णयबाट हुनेछ ।

छ) केन्द्रिय कार्यसमितिका सदस्य तथा पदाधिकारीहरुको कार्यविवरण निमार्ण गर्ने, आवश्यकता अनुसार विभिन्न विभाग, समिति, उपसमितिको गठन गर्ने ।

ज) संस्थाको विधानको व्याख्या गर्ने, नीति नियम वनाउने र बाधा अड्काउ फुकाउने ।

## परिच्छेद -५

**१९. कार्य समिति पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार :**

**अध्यक्ष :**

क) अध्यक्षले संस्थाको बैठक, भेला, सभा तथा अधिवेशनको  अध्यक्षता गर्नेछन् ।

ख) संस्थाको कार्यक्रमलाई अघि बढाउन नेतृत्व दिनुको साथै कार्यक्रमको निरिक्षण र रेखदेख गर्ने छन् ।

ग) आवश्यकता अनुसार कार्यक्रमको निति निर्माण गरि कार्यान्वयन गराउने छन् ।

घ) सम्पुर्ण पदाधिकारीको मत बराबर भएमा निर्णायक मत दिने छन् ।

ङ) विभिन्न निकाय संग सम्पर्क, समन्वय गरि संस्थाको कार्यक्रमलाई अघि बढाउने छन् ।

च) केन्द्रिय कार्यसमितिको बैठक नबसेको अवस्थामा कुनै कार्य गर्ने आवश्यक देखिएमा सो कार्य गरि बैठक बाट अनुमोदन गराउनु पर्नेछ ।

छ) कार्य विवरण अनुसार तोकिएका अन्य कार्यहरु गर्ने ।

**उपाध्यक्ष :**

क) अध्यक्षको अनुपस्थितिमा कार्य वाहक अध्यक्ष भई काम गर्ने ।

ख) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।

ग) समितिले तोकेका अन्य कार्य गर्ने ।

घ) कार्य विवरण अनुसार तोकिएका अन्य कार्यहरु गर्ने

**सचिव :**

क) अध्यक्षको परामर्श लिई बैठक तथा भेला बोलाउने । कार्यसमितिको नीति निर्देशन र निर्णयलाई कार्यान्वयन गर्नु गराउनु ।

ख) संस्थाको सांगठनिक, प्रशासनिक कार्य संचालन गर्नुको साथै संस्थाको कागजपत्र, सम्पतिको संरक्षण एवं अध्यक्षलाई सहयोग गर्ने ।

ग) बैठकको निर्णयहरुको अभिलेख राख्ने ।

घ) संस्थाको आधिकारीक बैठक, भेला, सभाहरुमा संस्थाको सांगठनिक प्रगति प्रतिवेदन पेश गर्ने ।

ङ) कार्य विवरण अनुसार तोकिएका अन्य कार्यहरु गर्ने ।

**संशोधन** :

**क)** अध्यक्षको निर्देशानुसार वा कार्यसमितिको आवश्यकता अनुसार वैठक वोलाउने ।

ख) कार्यसमिति वा साधारण सभाको सूचना दिने ।

ग) कार्यसमिति वा साधारण सभाले पारित गरेका निर्णयको अभिलेख राख्ने । र कार्यसमितिको निर्णय र प्रमाणित गरेका निर्णय कार्यान्वयनका लागि आवश्यक कार्य गर्ने ।

घ) साधारण सभामा समितिको वार्षिक कार्यक्रम पेश गर्ने ।

ङ) समितिको वार्षिक प्रगति विवरण तयार गर्ने ।

च) समितिको उद्देश्य प्राप्तिका लागि प्रदेश सरकार, स्थानिय सरकार वा कुनै दातृ संस्थामा पेश गर्नु पर्ने प्रतिवेदन तयार गर्ने गराउने संस्थाको हित हुने अन्य कार्य गर्ने गराउने ।

छ) सदस्यहरु विच सम्पर्क समन्वय गर्ने । र संस्थागत हितका सम्वन्धि आवश्यक सूचना, जानकारी, प्रतिवेदन अभिलेखीकरण गर्ने ।

**कोषाध्यक्ष :**

क) आय/व्ययको हिसाब किताब राख्ने ।

ख) स्वीकृत बजेट कार्य समितिको निर्णय र निर्देशन अनुसार खर्च गरि त्यसको अभिलेख राख्ने ।

ग) अध्यक्षको सल्लाह अनुसार बजेट तयार पार्ने तथा आर्थिक प्रतिवेदन सहित साधारण सभामा पेशगर्ने ।

घ) संस्थाको आर्थिक बृद्धिका लागी आवश्यक कार्य गर्ने ।

ङ) कार्य विवरण अनुसार तोकिएका अन्य कार्यहरु गर्ने

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**सदस्य :**

क) संस्थाको कामको अवलोकन गर्ने ।

ख) हरेक सदस्यले संस्थाको पुर्ण नेतृत्व वहन गर्न सक्ने छन्

ग) संस्थाको दिगो विकासका लागि आवश्यक कार्य गर्ने छन् ।

घ) कार्य विवरण अनुसार तोकिएका अन्य कार्यहरु गर्ने

**२०. गणपुरक संख्या :-**

कुल सदस्य संख्याको ६० प्रतिशतको प्रतिनिधित्व हुने गरी साधारण सदस्यहरु उपस्थित नभई साधारण सभा वा अधिवेशनको काम कारवाही हुने छैन । तर विधानको दफा ११ को उपदफा (घ) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभा वा अधिवेशनमा कुलसदस्य संख्याको ५१ प्रतिशतको प्रतिनिधित्व हुने गरि उपस्थित भएमा सभा गर्न बाधा पर्ने छैन ।

**संशोधन** :

कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यको उपस्थितिलाई अधिवेशनको गणपुरक संख्या पुगेको मानिनेछ । तर पहिलो पटक ५१ प्रतिसत सदस्यको उपस्थिति नभई अधिवेशन सम्पन्न हुन नसकेमा पुन ७ दिनको सूचना जारी गरि अधिवेशन बोलाईनेछ । दोस्रो पटकको अधिवेशनको गणपूरक संख्या ३३ प्रतिसत र तेस्रो पटकको अधिवेशनको गणपूरक सख्या उपस्थित सदस्यहरुलाई मानिनेछ ।

## परिच्छेद- ६

**२१. संस्थाको कोष :-**

१) संस्थाको आफनो एउटा छुटै कोष हुनेछ र सो कोषमा देहाय वमोजिम प्राप्त रकमहरु रहने छन् ।

क) सदस्यता शुल्क रकम  सदस्यहरुको दान चन्दा, अनुदान रकम ।

ख) संस्थाका सदस्य वा कुनै पनि व्यक्तिले दिने स्वच्छीक दान, अनुदान र सहयोग रकम ।

ग) चलअचल सम्पतिबाट हुने आम्दानी, नेपाल सरकारको सहयोग अनुदान, दातृ संस्थाको अनुदान, एवं कार्यक्रम बाट प्राप्त ओभरहेड, रकम संस्थाको आयस्रोत हुनेछ ।

२) वैदेशिक संघ संस्था,दातृ निकाय बाट अनुदान रकम लिने भएमा संस्थाले नेपाल सरकारको स्वीकृति लिनेछ ।

**२२. खाता संचालन :-**

क) संस्थाको सांगठनिक कोष अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखत वाट खाता संचालन हुनेछ ।

ख) प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको  श्रेस्ता राख्ने व्यबस्था गरिनेछ ।

ग) विभिन्न आयस्रोतबाट प्राप्त रकम सम विकास केन्द्र (EDC) नेपाल डोटीको नाममा स्थानिय बैंकमा जम्मा गरिनेछ ।

घ) संस्थाको परियोजना संचालनको दैनिक आर्थिक कारोवारको लागि परियोजना खाता अध्यक्ष, कार्यकारी प्रमुख, वित्त तथा प्रशासन प्रमुख, परियोजना संयोजकको संयुक्त दस्तखत वाट संचालन गरिनेछ । र कार्यकारी र वित्त प्रशासन प्रमुख अनिवार्य हुनु पर्नेछ ।

ङ) संस्थाको कुनै विशेष कार्यको लागि अक्षय कोष खडा गरिनेछ ।

च) संस्थाको वार्षिक पारित बजेटमा एक शिर्षकको रकमअर्को शिर्षकमा रकमान्तर संस्थाको कार्य समितिले गर्नेछ ।

छ) संस्थाले आवश्यकता अनुसार विभिन्न शिर्षकको खाता संचालन गर्न सकिनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**२३. संस्थाको लेखा र लेखा परिक्षण :-**

क) संस्थाको आयव्ययको लेखा प्रचलित कानून र संस्थाको नियमावलि बमोजिम राखिनेछ ।

ख) संस्थाको लेखापरिक्षण प्रचलित कानून वमोजिम रजिष्टर्ड लेखापरिक्षक वाट हुनेछ ।

ग) नेपाल सरकार, प्रदेश सरकार वा स्थानिय सरकार, वा स्थानिय अधिकारीले चाहेमा जुनसुकै बखत पनि संस्थाको हिसाव किताब जांच्न वा जंचाउन सक्नेछ ।

घ) लेखापरिक्षकको नियुक्ति कार्यसमितिले गर्नेछ ।

ङ) लेखापरिक्षणको प्रतिवेदन जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण परिषदमा एक एक प्रति पेश गरिने छ । आवश्यकता अनुसार अन्य सहयोगि निकायहरुलाई पनि उपलव्ध गराउन सकिनेछ ।

च) बार्षिक लेखापरिक्षणको प्रतिवेदन र बार्षिक कार्यप्रगति प्रतिवेदन राज्यका सम्बन्धित निकायहरुमा एक एक प्रति उपलब्ध गरिने छ ।

## परिच्छेद -७

## निर्वाचन

**२४. निर्वाचन सम्बन्धि व्यबस्था :-**

क) कार्यसमितिले ३ सदस्यीय निर्वाचन समिति गठन गर्नेछ । र उक्त समिति मध्ये एक जनालाई निर्वाचन प्रमुखमा नियुक्ती गरिनेछ ।

ख) निर्वाचन समितिको निर्णय अन्तिम हुनेछ ।

ग) कार्यसमितिको निर्वाचन सम्बन्धि सम्पुर्ण व्यवस्था निर्वाचन समितिले निर्वाचन नियमावलि अनुसार कार्य गर्नेछ ।

**२५. अविश्वासको प्रस्ताव :-**

क) संस्थाको विधान विरुद्ध कार्य गरेमा कुनै पनि सदस्य वा कार्यसमिति माथि अविश्वासको प्रस्ताव ल्याउन सकिनेछ । तर अविश्वासको प्रस्ताव दर्ता गर्नको लागि २५ प्रतिशत सदस्यहरुको हस्ताक्षर अनिवार्य हुनु पर्नेछ ।

ख) अविश्वासको प्रस्ताव प्राप्त भएको ७ दिन भित्र केन्द्रिय कार्यसमितिको बैठक बोलाउनु पर्नेछ । र अविश्वासको आरोप लागेको सदस्य वा समितिलाई सफाई पेश गर्ने अवसर दिनु पर्नेछ ।

ग) अविश्वास प्रस्ताव दुई तिहाई बहुमतले पारित भए पछि सो सदस्य वा समिति निलम्बित हुनेछ । यसरी निलम्बित भएपछि पदपुर्ति वा पुर्नगठन गरि सो को समर्थन अधिवेशनबाट गराउनु पर्नेछ ।

घ) अविश्वासको प्रस्ताव निर्वाचन भएको ३ महिनाको अवधिमा १ पटक मात्र ल्याउन सकिने छ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**२६. विधान संशोधन :**

तत्कालिन कायम रहेका कुल सदस्य संख्याको दुई तिहाई सदस्यहरुले अनुमोदन गरे पश्चात मात्र संस्थाले कुनै दफा संशोधन वा खारेजका लागी स्थानिय अधिकारी समक्ष सिफारीस गरि पठाउनु पर्नेछ ।

स्थानिय अधिकारी वाट स्वीकृत भएपश्चात मात्र संस्थाको कुनैदफा संशोधन वा खारेज भएको मानिनेछ ।

**२७. विनियम बनाउन सक्ने :-**

संस्थाले आफनो कार्य सम्पादन गर्ने सर्न्दभमा प्रचलित नेपालको (संघ, प्रदेश र स्थानिय) कानूनको अधिनमा रहि संस्थाको विधान संग नबाझिने गरी आवश्यक नियम, नियमावली तथा निर्देशिका बनाउन सक्नेछ र सो को जानकारी स्थानिय अधिकारीलाई दिनु पर्नेछ ।

**२८. तदर्थ समिति :-**

यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ समितिले ६ महिना भित्र बिधान अनुसारको निर्वाचन कार्य गर्नका लागी समितिको गठन गर्नु पर्नेछ । सो अवधिमा कार्यसमितिले गरेका कामहरु यसै विधान अनुसार भएको मानिनेछ । कार्यसमिति विगठन भएको अवस्थामा अर्को कार्य समिति गठन नभए सम्म नयाँ तदर्थ समितिको गठन गरी कार्य संचालन गरिनेछ ।

**२९. संस्था खारेजि :-**

१) साधारण सभाले आवाश्यक देखेमा विशेष प्रस्ताव पारित गरि संस्था खारेज गर्न सक्नेछ ।

२) दफा २८ को (१) बमोजिम खारेजिको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागी एक वा एकभन्दा वढी लिक्विडेटरहरु र संस्थाको हिसाव किताव जाच गर्नका लागी एक वा एकभन्दा वढी लेखापरिक्षकहरु नियुक्ति गर्न सक्नेछ । लिक्विडेटर र लेखापरिक्षकहरुको पारिश्रमिक कार्यसमितिले तोकिदिए बमोजिम हुनेछ ।

३) दफा २८ को (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरिक्षकहरुले संस्था खारेजि सम्बन्धि काम कारर्वाही गर्नेछन । यसरी खारेज भएका संस्थाहरुको सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३०. ऐन अनुसार हुने :-** यस विद्यानमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन वमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसंग बाझिन गएका कुराहरु स्वतः निष्कृय हुनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

## परिच्छेद -८

## विविध

नेपाल (संघ, प्रदेश स्थानिय ) सरकारले तयार गरेको बिधान फाराम अनुसार क्रमस : यस संस्थाको विधान २०५३ संशोधित सहित २०७७ तयार गरिएको छ । फाराममा नआएका अन्य दफा तथा व्यबस्थाहरुलाई यस विधानको विविध शिर्षकमा समावेश गरिएको छ ।

**३१. संस्थाको परिकल्पना, ध्येय र लक्ष्य :-**

क) **परिकल्पना** :- सामाजिक न्याय, समानतामा आधारित, शान्ति र छुवाछुत रहित समतामुलक समाजको स्थापना संस्थाको परिकल्पना रहने छ ।

ख) **ध्येय** :- दलित, महिला, सिमान्तकृत तथा पछाडि पारिएका वर्गहरुको शसक्तिकरण, सम्मान जनक जिवनयापन, अधिकार, सामाजिक न्याय र समताका लागि न्यायपुर्ण समाजको निर्माण गर्ने ।

ग) **लक्ष्य** :- दलित, महिला, विपन्न, बालबालिका, अपाागता, सिमान्तकृत एवं पछाडि पारिएका वर्ग, समुदायहरुको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक, शैक्षिक, स्वास्थ्य तथा सरसफाई, वाताबरण एवं लैगिंक क्षेत्रको विकास गरि जीवन स्तरमा सुधार गर्नु ।

**३२. संस्थाको मुल्य मान्यता :-**

संस्थाको मुल्य र मान्यता देहाय बमोजिम हुनेछ जसको व्याख्या अनुसुचि ४ मा गरिएको छ ।

१. मानवीय व्यवहार

२. एकता

३. सहभागीता

४. समता

३३. **संस्थाका उपसमिति तथा समितिहरु गठन सम्बन्धि व्यबस्था :**

१. परिछेद ४ को दफा १८ को उपदफा (छ) वमोजिम संस्थाले आवश्यक समिति, उपसमिति गठन गर्न सक्नेछ ।

**३३.२ संस्थाको चल अचल सम्पत्तिको विवरण र परिचालन :**

क) यस विधान बामोजिम प्राप्त रकम तथा संस्थाको नाममा रहेको चलअचल जायजेथा, (जग्गा जमिन, भवन, गाडी अन्य उपकरण ) संस्थाको सम्पत्ति हुनेछ ।

ख) संस्थाले आवश्यकता वमोजिम संस्थाको नाममा जग्गा जमिन खरिद गर्ने सक्नेछ ।

ग) संस्थाले संस्थागत विकासका लागि र संस्थाको हितमा हुनेगरि उक्त चल अचल सम्पति विक्री बितरण गर्न सक्ने छ । तर उक्त चलअचल (जग्गा जमिन, फर्निचर्स आदी) सम्पती विक्री बितरणका लागी साधारण सभाको निर्णय वमोजिम हुनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**३४. अधिकार, कर्तव्य र आचरण :-**

क) विशेष कारण विना लगातार ३ पटक सम्म बैठकमा अनुपस्थित हुने सदस्यलाई पदबाट निलम्बन गर्ने सकिनेछ ।

ख) संस्थाको विधान विरुद्ध कुनै आच आउने काम गरेको प्रमाणित भएमा पद र साधारण सदस्यताबाट केन्द्रिय कार्य समितिले निलम्वन वा निष्काशन गर्ने सकिनेछ ।

ग) संस्थाको विधान अनुसार यसको परिकल्पना, ध्येय, लक्ष्य र उद्देश्य लाई सफल पार्न संस्थाको प्रतिष्ठा बढाउनु सबै सदस्यको कर्तव्य हुनेछ ।

घ) संस्थाले जिम्मेवारी दिएको कार्य गर्नु सबै सदस्यहरुको दायित्व र कर्तव्य हुनेछ ।

**३५.अनुशासन तथा कार्वाही :-**

क) संस्थाको विधान, नीति नियमावलि र आचार संहितामा रही अनुशासित भई काम गर्नु सबै सदस्य एवं कार्यकर्ताको कर्तव्य हुनेछ । संस्थामा आबद्ध कुनै पनि व्यक्तिहरुबाट संस्थाको नीति नियम विरुद्ध कार्य गरेमा वा संस्थालाई आचआउने कार्य गरिएको प्रमाणित भएमा  निम्न अनुसार कार्वाही हुनेछ ।

१) **सामान्य कारवाही** : सामान्य कारवाही गर्दा गल्तीको प्रकृति हेरी निम्न प्रकृया अवलम्बन गर्नु पर्नेछ ।

क) पहिलो पटक नसिहत र चेतवानी दिने ।

ख) पदवाट निलम्वन गर्ने ।

२) **विशेष कारवाही** : संस्थाका कुनैपनि व्यक्तिले अक्षम्य गल्ती काम गरेको प्रमाणित भएमा विशेष कार्वाही अर्न्तगत अयोग्य नठहरिने गरि संस्थाबाट पद, साधारण सदस्यबाट समेत निश्काशन गरिनेछ ।

**३६.कार्वाहीको प्रकृया :**

जस्तो सुकै परिस्थितिमा पनि कार्वाही गर्नु पुर्व सम्बन्धित व्यकितलाई के कति कारणले त्यस्तो परिस्थिति श्रृजना भएको हो सो को लागी लिखित वा मौखिक स्पष्टिकरण तथा सफाई लिनु पर्नेछ । सम्बन्धित व्यक्तिको स्पष्टीकरण वा सफाई चित्त बुझ्दो नभएमा वा गल्ती प्रमाणित भएमा कार्वाही गर्नु पर्नेछ ।

**३७. राजिनामा :-**

क) कुनै सदस्य एवं पदाधिकारीले राजिनामा दिने ईच्छा भएमा अध्यक्ष समक्ष पेश गर्ने र अध्यक्षले उपाध्यक्ष समक्ष राजिनामा पेश गर्नू पर्नेछ ।

ख) राजिनामाको अन्तिम स्वीकृति केन्द्रिय कार्य समितिले गर्नेछ । कार्य समितिले राजीनामा स्वीकृति गरे पछि मात्र उक्त पद रिक्त भएको मानिनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**३८. पदरिक्त :-**

क) सदस्यको मृत्य भएमा ।

ख) सदस्यता समाप्त भएमा ।

ग) राजिनामा दिई स्वीकृति भएमा ।

घ) निलम्वन वा निश्काशन भएमा ।

**३९. पद पुर्ति :-**

क) रिक्त रहेको पदपुर्ति संस्थाको केन्द्रीय कार्यसमितिको बैठकको बहुमतले निर्णय गर्नु पर्नेछ तर बहुसंख्यक सदस्यले राजिनामा दिएमा वा संस्था छोडेमा स्वत : कार्यसमिति भंग हुनेछ र त्यसको पुर्नगठन गर्नु पर्नेछ ।

**४०. संस्थाको आवद्धता :-**

क) संस्थाको आपनो कार्यक्रम संचालन गर्नको लागि समाज कल्याण परिषद वा सम्बन्धित निकाय संग आवद्धता कायम गर्नेछ ।

ख) संस्थाले कार्यक्रम संचालन गर्ने क्रममा स्थानिय निकायहरु संग समन्वय राखी संचालन गर्ने छ ।

ग) संस्थाले आफना उद्देश्य अनुरुप संचालन गरिने सवाल, अभियानमा विभिन्न सरकारी र गैरसरकारी संस्था तथा संजालहरुमा आबद्ध भई कार्य संचालन गर्ने छ ।

घ) संस्थाको कार्य संचालनका लागी स्थानिय तह, प्रदेश लगायत प्रचलित कानून र नीतिले तोकिएका निकायहरु विच समन्वय र आबद्धता गरि कार्य संचालन गर्ने ।

**४१. आदर्श वाक्य :**

यस संस्थाको आदर्श वाक्य अनुसुचि ४ अनुसार उल्लेख भएको हुनेछ ।

**४२. बरबुझारथ :**

जुनसुकै पदाधिकारी वा सदस्यको जिम्मामा रहेको नगदी, जिन्सी र कागजपत्र, उपकरण आपनो कार्यकाल समाप्त भए पछि सम्बन्धित सदस्य वा पदाधिकारीलाई बुझाउनु पर्नेछ ।

**४३. व्याख्या गर्ने अधिकार :**

यस विधानको कुनै कुरा व्याख्या गर्ने अधिकार केन्द्रीय कार्य समितिलाई हुनेछ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

४४. हामी संस्थाका निम्न कार्य समिति सदस्य तथा पदाधिकारीहरु यस विधान बमाजिम कार्य गर्न मंन्जुर भै निम्न साक्षीको रोहवरमा विधानमा सहिछाप गर्दछौं ।

**४५. यस संस्थाको नारा :**

"***सामाजिक न्याय, सुशासन र सामाजिक रुपान्तरणका लागी सम विकास केन्द्र नेपाल***"संस्थाको नारा हुनेछ ।

**कार्य समिति सदस्य तथा पदाधिकारीको नाम, थर, ठेगाना**

| **क.सं.** | **नाम,थर** | **पद** | **ठेगाना** |
|---|---|---|---|
| १. | अधिराज वि.सी. | अध्यक्ष | दि.सि.न.पा. वडा नं. ५ सिलगढी |
| २. | रस्मी गतराज | उपाध्यक्ष | दि.सि.न.पा. वडा नं. ५ सिलगढी |
| ३. | बवी कुमार वि.सी. | सचिव | दि.सि.न.पा. वडा नं. ५ सिलगढी |
| ४. | जय बहादुर शाही | कोषाध्यक्ष | दि.सि.न.पा. वडा नं. ५ सिलगढी |
| ५. | यज्ञ पार्की | सदस्य | के.आई.सिं गाउपालिका वडा नं. ५ |
| ६. | नीतु सिजापति | सदस्य | दि.सि.न.पा. वडा नं.५ सिलगढी |
| ७. | सरला देवल | सदस्य | दि.सि.न.पा. वडा नं.५ सिलगढी |
| ८. | मनिसा मिजार | सदस्य | दि.सि.न.पा. वडा नं.५ सिलगढी |
| ९. | नरेश कुमार बागचन्द | सदस्य | दि.सि.न.पा. वडा नं.५ सिलगढी |

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**अनुसूचि १**
**(दफा ६ को २ संग सम्बन्धित)**
**साधारण सदस्यताको आवेदन ढाँचा**

पासपोर्ट
साईजको
फोटो

श्रीमान् अध्यक्ष ज्यु
सम विकास केन्द्र (ईडीसी ) नेपाल
केन्द्रिय कार्यसमिति, डोटी

**विषय : साधारण सदस्यता सम्बन्धमा ।**

महोदय,
मलाई सम विकास केन्द्र EDC , नेपाल डोटी नामक सामाजिक विकास संस्थामा रहि कार्य गर्ने अभिलाषा भएकाले । म यस संस्थाको वर्तमान र भविष्यमा हुने सबै नीती नियममा रहेर यस संस्थाको सदस्यता लिने ईच्छा जाहेर गर्दे एक प्रति नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि संलग्न राखी यो आवेदन पेश गर्दछु ।

व्यक्तिगत विवरण :

| | | | |
|---|---|---|---|
| नाम : | | नाम (अंग्रजीमा) | |
| लिगं : | | नागरिकता नं. | |
| जन्ममिति : | | उमेर : | |
| पेशा | | वर्ण | |
| शैक्षिक योग्यता | | पति/बाबुको नाम | |
| स्थायि ठेगाना | | | |
| अस्थायि ठेगाना | | | |

यस अघि कुनै संस्थामा कार्यरत भए :
संस्थाको नाम : ठेगाना : संस्थामा कार्यरत पद :
संस्था छोडेको वा नछोडेको :

म यस संस्थाको विधान र कार्यक्रम अर्न्तगत रहि यसको काम,कर्तव्य र अधिकारको पालना गर्ने छु । यस संस्थाको विधान विरुद्ध कुनै कार्य गरेमा वा उपरोक्त विवरण झुठो भएमा वा ठहरिएमा संस्थाको नियम तथा प्रचलित कानुन बमोजिम सहुला बुझाउला ।

निवेदकको दस्तखत :
मिति :

संस्थाको तर्फवाट सिफारिस कर्ताले भर्ने :
क) यस अघि अन्य संस्थामा कार्यरत रहेको वा नरहेको ...........
ख) साधारण सदस्यको लागि योग्यता पुगेको वा नपुगेको ..............
ग) व्यक्तिगत विवरण सांचो छ वा छैन ......................
उपरोक्त विवरण ठिक साचो हो भनि शिफारिस गर्दछु ।

शिफारिस कर्ता :
नाम :
पद :
दस्तखत :

प्रमाणित गर्ने :
नाम :
पद :
दस्तखत :

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

## अनुसूचि २
## (दफा १५ को (भ) संग सम्बन्धित)

संस्थाका निर्वाचित अध्यक्षले निर्वाचन प्रमुख समक्ष गोपनियताको सपथ लिनु पर्नेछ । अन्य सदस्यले अध्यक्ष समक्ष सपथ लिनु पर्नेछ । सपथको व्यहोरा निम्न वमोजिम रहनेछ ।

क) म प्रतिज्ञा गर्दछुकी संस्थाको लक्ष्य र उद्देश्य प्राप्तीको लागि संस्थाले पारित गरेको विधानमा रहि यसका नीती नियमहरु लाई निस्वार्थ रुपले पालना गर्ने छु ।
ख) म संस्थाको गोपनियता, अनुसाशन र आचरणलाई पालना गर्ने छु ।
ग) म संस्थाको परिकल्पनालाई सफल बनाउन संस्थागत विकास र हितका लागी जिम्मेवारी वोधका साथ विना भेदभाव कार्य गरि समतामुलक समाजको निर्माणमा कटिबद्ध हुने प्रण गदंछु ।

| | |
|---|---|
| सपथ लिने सदस्य तथा पदाधिकारीको : | सपथ गराउने व्यक्तिको |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

## अनुसूचि ३
## संस्थाको मुल्य र मान्यता
## (दफा ३२ संग सम्बन्धित)

**क) मानविय व्यवहार :-** सामाजिक परिवर्तन र न्यायोचित समानताको लागि मानविय व्यवहारमा परिवर्तन आउनु पर्छ । जब सम्म यस्तो परिवर्तन आउदैन तब सम्म समाजमा मानविय अस्तित्व र मर्यादा रहदैन । जसको असर सम्पुर्ण विकास तथा समाज रुपान्तरण प्रणालीमा पर्छ भन्ने संस्थाले बुझेको छ ।

**ख) समता :-** सबै लिंग ,जातजाती, धनि-गरिव, वर्ग समुदाय र धर्म बीचको सम्बन्धमा न्यायपुर्ण अवस्था, जसले मानिसहरुको समान हैसियतपूर्ण अवसर तथा अधिकारको उपभोग, भेदभाव रहित सबै वर्ग, समुदायलाई विकासमा समान अवसर, पहुँच, नियन्त्रण तथा न्यायोचित प्रतिनिधित्वको अवसर प्रदान गर्दछ ।
समानता समताको एउटा पाईला हो यो मानवविकास र आधारभुत मानवअधिकारका लागि अति आवश्यक अवस्था हो भन्ने कुरामा संस्था मान्यता राख्दछ । समता, सम विकासको लक्ष्य प्राप्त गर्न अपनाईने प्रक्रिया संग सम्बन्धित छ भन्ने कुरा संस्थाको बुझाई रहेको छ ।

**ग) एकता :-** एकता नै शक्ति हो भन्ने कुरामा संस्था प्रतिबद्ध छ । एक सबैको लागि, सबै एकको लागि भन्ने मान्यता लाई आत्मसात गरि एकताको पक्षमा जोड दिनु अपरिहार्यता हुन्छ ।

**घ) सहभागिता :-** अधिकारवालाको अर्थपुर्ण सहभागिता विना सामाजिक विकास दिगो हुदैन भन्ने कुरामा संस्था विश्वस्त छ । सामाजिक विकासमा अधिकारवालाकै लागि, अधिकारवालाकै सकृयतामा, अधिकारवालाकै सहभागिता हुनुपर्छ भन्ने सिद्धान्तमा जोड दिन्छ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,

**अनुसूचि ४**
**दफा ४१ संग सम्बन्धित**
**आदर्श वाक्य**

यस संस्थाको आदर्श वाक्य ***"समतामुलक समाजको निर्माण हाम्रो अभियान "*** रहने छ ।

१. संस्थाको विधान २०५३ चौथो संशोधन २०७७ ,